सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम तयार गरीएको

# २०७८ सालको अषाढ मसान्त सम्मको अद्यावधिक विवरण

## नेपाल सरकार
## खानेपानी मन्त्रालय
## सिंहदरवार, काठमाडौं

## १. खानेपानी मन्त्रालयको स्वरुप र प्रकृति

प्रभावकारी, दिगो र गुणस्तरीय सेवा जनताको अपेक्षा हो । संघीय शासन प्रणाली अन्तर्गत सार्वजनिक सेवाहरुको प्रवाहका सम्बन्धमा सरकारका विभिन्न तहहरुको जिम्मेवारी संविधानतः किटान गरिएको छ । संविधानमा खानेपानी तथा सरसफाइ सुविधालाई जनताका आधारभूत अधिकारका रुपमा प्रत्याभूत गरिएको छ ।

खानेपानी तथा सरसफाइ क्षेत्र सम्बन्धित नीति, ऐन, नियमावली तथा गठन आदेशहरु मन्त्रालयको कानूनी आधारको रुपमा रहेका छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रावधान अनुसार खानेपानी र सरसफाइ सम्बन्धी कार्य विभाजन केन्द्र र स्थानीय निकायहरुको साझा कार्यको रुपमा रहेका थिए भने, हालको संघीय संविधानले पनि यसलाई केन्द्र देखि स्थानीय सरकार सम्मको जिम्मेवारीमा पारेको छ ।

मुलुकभरका खानेपानी तथा सरसफाइ प्रणालीहरुको योजना तर्जुमा, निर्माण, संचालन तथा मर्मत सम्भार लगायतको जिम्मेवारी रहेको यस मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल निकास विभाग क्षेत्रगत नेतृत्वदायि कार्यान्वियन निकाय हो भने मन्त्रालय क्षेत्रगत नेतृत्वदायि कार्यकारी निकाय हो । मन्त्रालय अन्तर्गत विभागका अलावा सहरी क्षेत्रमा खानेपानी तथा सरसफाइ प्रणालीहरुको निर्माण एवम सेवा प्रवाहका लागि बोर्डहरु, खानेपानी संस्थान, समितिहरु, आयोजना निर्देशनालय र महशुल निर्धारण तथा नियमनका लागि एक आयोग समेत रहेको छ ।

सबै क्षेत्रगत सरोकारवालाहरुको संयुक्त सहकार्य र मन्त्रालयको अगुवाईमा खानेपानी र सरसफाइमा पछिल्लो दशकमा उल्लेख्य प्रगति हासिल गर्दै नेपालले खानेपानी तथा सरसफाइ क्षेत्रगत सहश्राब्दि विकास लक्ष्य हासिल गरिसकेको एवं दिगो विकास क्षेत्रगत लक्ष्यहरु हासिल गर्ने गरी कृयाशिल रहेको छ । त्यसैगरी संयुक्त राष्ट्र संघले आगामी १५ बर्षका लागि घोषणा गरेको दिगो विकासका लक्षहरु (SDGs) सामञ्जस्य हुनेगरी खानेपानी तथा सरसफाइ क्षेत्रको १५ बर्षे विकास योजना (WASH Sector Development Plan, SDP) तयार गर्ने काम पनि मन्त्रालयले गरी रहेको छ ।

यसरी खानेपानी तथा सरसफाइ क्षेत्र हाल चलायमान बन्दै गई रहेको र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरुको निर्धारण एबम उपलब्धीहरु हासिल गर्दै प्रतिबद्धताहरुको परिपालना गर्ने महत्वपूर्ण समयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।०९।०९ को निर्णयानुसार यस खानेपानी तथा सरसफाइ मन्त्रालयको स्थापना भएको छ। नयाँ मन्त्रालयको स्थापना संगै नेपालको संविधानको मर्म र भावना बमोजिम आवश्यक खानेपानी तथा सरसफाइ क्षेत्रगत नीति तथा ऐनका मस्यौदा एबम् मौजुदा नीति तथा कानुनमा परिमार्जन गर्ने कामको पनि थालनी गरिएको छ ।

पछिल्ला सर्भेक्षणहरूले के देखाएका छन् भने सरसफाइमा उल्लेख्य प्रगति हासिल गरिएको छ, खासगरि सरसफाइ सेवामा पहुँच बृद्धि तथा खुला दिसा गर्ने क्रममा न्युनीकरण गर्ने तर्फ प्राप्त भएका उपलब्धीहरु महत्वपूर्ण छन् । यद्यपि हासिल उपलब्धीको दिगोपनको सुनिश्चितता, पूर्ण सरसफाइ अवस्थाको श्रृजना तथा सहरी क्षेत्रहरूमा फोहर पानी तथा लेदो व्यबस्थापन जस्ता समस्याहरूको सम्वोधन गर्ने तर्फ निकै प्रयाश गर्नु आवश्यक रहेको छ । स्वस्थ्य आनीबानी व्यवहारमा ल्याउन समय लाग्छ, तापनि यसतर्फ क्रमश : सुधार पनि देखिंदै छ ।

खानेपानी प्रणालीहरूको दिगोपना यस क्षेत्रकै लागि एक प्राथमिकताको सवाल हो । प्रणालीहरूको न्युन दिगोपन र सुचारुपनका पछाडि आंशिक रूपमा प्रणालीहरूको संचालन एवम् मर्मत सम्भार व्यबस्थापनमा रहेको अपर्याप्तता कारकको रूपमा रहेको देखिन्छ ।

खानेपानी प्रणालीहरूको सुरक्षा तथा उपलब्ध खानेपानी सेवाको गुणस्तर पनि महत्वपूर्ण सवालका रुपमा रहेका छन् । खानेपानी रसरसफाइ सेवामा समन्यायिक पहुँचको सवाल पनि उत्तिकै महत्वका साथ सम्बोधन गरिनु पर्ने छ । सेवा नपुगेका जनसंख्यालाई सेवा पुऱ्याउनु यस क्षेत्रको अर्को प्राथमिकताको बिषय रहेको छ । बिभिन्न श्रोतहरुले फरक फरक आँकडा प्रस्तुत गरेतापनि सेवा नपुगेको जनसंख्या ९% को हाराहारी रहेको अनुमान रहेको छ। त्यो जनसंख्याको हिस्सा निरपेक्ष रूपमा गाउँ, सहर तथा जुनसुकै पर्याबरणीय भूभागमा छरिएर रहेका हुन सक्दछन् । ती छुटेका जनसंख्याको हिस्सालाई दह्रो ससंयन्त्र मार्फत समेटनु पर्नेमा बिवाद नरहला । अन्य सवालका साथ साथै यस सवाल लाई भावी योजना तथा कार्यक्रमहरूले ध्यान पुऱ्याउनु

आवश्यक छ। बजेट व्यवस्थाका अलावा सेवाबाट बन्चित जनसंख्याको परिस्थितिको जायजा, विवेचना गर्दै उनिहरुको खानेपानी र सरसफाइ सुविधामा पहुँचको मानवीय आवश्यकता पूर्ति तर्फ सम्वद्ध सबै व्यक्ति, समाज र संस्थाहरुले सामाजिक दायित्वका रूपमा लिई प्रयाश केन्द्रित गर्नु आवश्यक छ। यि सबै सवालहरुको यथोचित सम्बोधन मार्फत पन्ध्रौं योजनाको अन्तय सम्ममा सबैको लागि आधारभूत खानेपानी र सरसफाइ सेवा भन्ने खानेपानी तथा सरसफाइ क्षेत्रले तय गरेको ध्यय पूरा हुने छ ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन पहिलो संशोधन) नियमावली, २०७४ मा खानेपानी मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम उल्लेख गरिएको छः


- खानेपानी र सरसफाइ सम्वन्धी निनि, कानुन र मापदण्ड ।
- राष्ट्रियस्तरको ठूला खानेपानी आयोजना र अन्तर प्रदेश खानेपानी आयोजना ।
- राष्ट्रियस्तरका प्रशोधन सहितका बृहत ढल र अन्तर प्रदेश ढल प्रशोधन सहितका आयोजनाहरुको पहिचान निर्माण र नियमन ।
- मन्त्रालय सम्बन्धी राष्ट्रिय तथ अन्तराष्ट्रिय संस्थासँग सन्धी सम्झौता सम्पर्क र समन्वय ।
- मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र निमयन ।
- नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल इन्जिनियरिङ्ग समूहको स्यानिटरी उप समूहको संचालन ।

# ३. क. खानेपानी मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

खानेपानी मन्त्रालयमा कार्यरत कर्मचारी विवरण

| क्र.स. | कर्मचारीको नाम थर | क.स.नं. | पद | कोठा नं. | सम्पर्क नम्बर | | स्थायी / करार |
|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

## ख. खानेपानी मन्त्रालयको संगठन संरचना



## ४. मन्त्रालयबाट प्रधान गरिने सेवा

यस मन्त्रालयको समग्र कार्य सम्पादन गर्ने माननीय मन्त्रीज्यू, श्रीमान सचिवज्यू र सचिवज्यू मातहत प्रशासन महाशाखा, योजना तथा विकास सहायता समन्वय महाशाखा र खानेपानी तथा सरसफाइ महाशाखा रमहाशाखा अन्तर्गत शाखाहरु रहेका छन् ।मन्त्रालयका महाशाखा एवं शाखाहरुको कार्य विवरण तपशिल बमोजिम रहेको छ ।

### क) प्रशासन महाशाखा

१) मन्त्रालयसँग सम्बन्धित कानूनको कार्यान्वियन, सुधार, संशोधन र परामर्श सम्बन्धी,
२) नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानीटरी उपसमूहहरुको संचालन, नियुक्ति,पदस्थापन, सरुवा, बढुवा, काज, कायममुकायम,पुरस्कार र दण्ड,विभागीय कारवाही, अवकाश र राजिनामा सम्बन्धी तथा सेवाका अन्य शर्त सम्बन्धी,
३) आर्थिक प्रशासन सम्बन्धी,
४) बेरुजु फछ्र्यौट सम्बन्धी,
५) आन्तरिक व्यवस्थापन, गुनासो व्यवस्थापन र सुशासन प्रवर्द्धन सम्बन्धी,
६) प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी,
७) वैदेशिक छात्रवृत्ति र अध्ययन/भ्रमण/तालिम/गोष्ठी/सेमिनारमा मनोनयन सम्बन्धी,
८) प्रशासनिक व्यवस्थापन परीक्षण सम्बन्धी,
९) मन्त्रिपरिषद्मा पेश हुने प्रस्ताव सम्बन्धी ।

### अ. कर्मचारी प्रशासन शाखा

१. मन्त्रालय र अन्तर्गतका निकायहरुको आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धी,
२. स्वीकृत दरबन्दी निजामती किताबखानामा दर्ता सम्बन्धी,
३. मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका पदपूर्तिका लागि माग गर्ने र छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन सम्बन्धी,
४. कर्मचारीहरुका कार्य संपादन मूल्यांकन सम्बन्धी,
५. कर्मचारीहरुको विवरण, दरबन्दी,हाजिरी, गयल, विदा रेकर्ड र व्यक्तिगत अभिलेख सम्बन्धी,
६. विभागीय कारवाही सम्बन्धी,
७. निमित्त, कायम मुकाम, काज सम्बन्धी,

८. वैदेशिक छात्रवृत्ति र अध्ययन/भ्रमण/तालिम/गोष्ठी/सेमिनार का लागि उम्मेदवार मनोनयन सम्बन्धी,
९. अध्ययन वा तालिममा जाने र फर्कने व्यक्तिहरुको विवरण सम्बन्धी,
१०. सम्वद्धता निर्धारण सम्बन्धी,
११. मन्त्रालयले सम्पन्न गर्नुपर्ने बढुवा समितिको सचिवालय सम्बन्धी ।

**आ) आन्तरिक व्यवस्थापन तथा सुशासा प्रवर्द्धन शाखा**

१. कर्मचारीहरुको आन्तरिक खटन पटन र आन्तरिक व्यवस्थापन सम्बन्धी,
२. मन्त्रालयका लागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन सम्बन्धी,
३. मन्त्रालयका लागि आवष्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामानहरुको खरिद, भण्डारण, आपूर्ती, मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम बिक्रिको व्यवस्था सम्बन्धी,
४. मन्त्रालयको सुरक्षा तथा सरसफाइ प्रवन्ध सम्बन्धी,
५. कर्मचारी बैठक र सोको निर्णय कार्यान्वियन एवं अनुगमन सम्बन्धी,
६. मन्त्रालय र अन्तरगत निकायमा कार्यरत कर्मचारी र राष्ट्र सेवकको सम्पत्ति विवरण सम्बन्धी,
७. मन्त्रालय र अन्तर्गतका निकायहरुले सम्पादन गर्ने कार्यहरुका सम्बन्धमा आइपर्ने विभिन्न गुनासो व्यवस्थापन, उजुरीको छानविन तथा संसदीय निगरानी निकायबाट प्राप्त सुझाव व्यवस्थापन सम्बन्धी,
८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सहायक सम्पर्क विन्दु भई कार्य गर्ने सम्बन्धी ।

**ई) आर्थिक प्रशासन शाखा**

१) मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयारी, संशोधन र रकमान्तर सम्बन्धी,
२) मन्त्रालय अन्तर्गतका विकास आयोजना तथा कार्यक्रम तर्जुमा सहयोग सम्बन्धी,
३) वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको सोधभर्ना सम्बन्धी,
४) अख्तियारी बाँडफाँड सम्बन्धी,
५) स्वीकृत बिनियोजन बमोजिम बजेट खर्चको केन्द्रीय लेखा सम्बन्धी,
६) विनियोजन, धरौटी र राजश्वका विवरण अद्यावधिक सम्बन्धी,
७) लेखा परीक्षण सम्बन्धी,
८) मातहत निकायको आर्थिक प्रशासन कार्यको अनुगमन सम्बन्धी,
९) वेरुजु अभिलेख र वेरुजु फछ्र्योट सम्बन्धी,
१०) आर्थिक प्रशासन शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण सम्बन्धी ।

### ञ) कानुन तथा फैसला कार्यान्वियन शाखा

१ ऐन, नियम, गठन आदेश, विनियम, कार्यविधि, निर्देशिका, मापदण्डको मस्यौदा तयारी एवं परिमार्जन सम्बन्धी,

२ मन्त्रालय र अन्तर्गतका निकायलाई दिने कानुनी राय परामर्श सम्बन्धी,

३ मन्त्रालय र अन्तर्गतका निकायका तर्फबाट दिने लिखित जवाफ एवं प्रतिउत्तर सम्बन्धी,

४ मन्त्रालय र अन्तर्गतका निकायको मुद्धाको रोहमा प्रतिरक्षा सम्बन्धी,

५ मन्त्रालय र अन्तर्गतका निकायबाट गरिने वार्ता, संझौता आदिमा सहभागिता, वार्ताका बुँदा तयारी एवं संझौताको मस्यौदा सम्बन्धी,

६ नेपाल राजपत्रमा प्रकाशन गरिने सूचना सम्बन्धी,

७ मानव अधिकार सम्बन्धी,

८ मन्त्रालय र अन्तर्गतका निकाय पक्ष विपक्ष हुने वा भएको मुद्दामा सम्वन्धित अड्डा अदालतमा दिइने उजूरी वा प्रतिबाद वा लिखित जवाफ वा पुनरावेदनको लिखत तयारी र महान्याधिवक्ताको कार्यालयसँग समन्वय सम्बन्धी,

९ अदालतबाट भएका फैसला तथा निर्देशनात्मक आदेशको अभिलेख एवं कार्यान्वयन सम्बन्धी।

## (ख) योजना तथा विकास सहायता समन्वय महाशाखा

१) मन्त्रालय र अन्तर्गतका विभिन्न विकास आयोजनाहरुको तर्जुमा, अनुगमन, मूल्याङ्कन, समन्वय सम्बन्धी,
२) वार्षिक कार्यक्रम तर्जुमा र संशोधन सम्बन्धी,
३) कर्मचारीहरुको दक्षता अभिवृद्धि सम्बन्धी,
४) वैदेशिक सहयोग सम्बन्धी,
५) अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धी, सम्झौता, समझदारी एवं प्रतिवद्धता कार्यान्वियन तथा प्रतिवेदन सम्बन्धी,
६) मन्त्रालय र अन्तर्गतका विभिन्न विकास आयोजनाहरुको अनुगमन, मूल्यांकन तथा प्रगति समीक्षा सम्बन्धी,
७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्थासँग गरिने लगानी प्रवर्द्धन, सम्झौता, सम्पर्क र समन्वय सम्बन्धी,
८) लैगिंक सामाजिक समावेशिकरण सम्बन्धी,
९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको नीति तर्जुमा र कार्यान्वियन पक्षको अनुगमन सम्बन्धी,
१०) आयोजना/कार्यक्रम संचालनका लागि नीति निर्धारण सम्बन्धी,
११) प्रदेश तथा स्थानीय तहका निकायसँग समन्वय सम्बन्धी ।

### (अ) योजना तथा विकास सहायता समन्वय शाखा

१) मन्त्रालय र अन्तर्गत विदेशी लगानी प्रवर्द्धन सम्बन्धी,
२) अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धी, सम्झौता, समझदारी एवं प्रतिवद्धता कार्यान्वियन तथा प्रतिवेदन सम्बन्धी,
३) वैदेशिक सहयोगबाट संचालन हुने आयोजनाहरुका सम्बन्धमा भएका सम्झौता तथा अभिलेख सम्बन्धी,
४) वैदेशिक सहयोगका लागि विकास साझेदारको पहिचान सम्बन्धी,
५) वैदेशिक सहयोग नीतिको अध्ययन, अनुसन्धान र विश्लेषण सम्बन्धी,
६) वैदेशिक सहयोग अन्तर्गत संचालन हुने कार्यक्रम तथा आयोजना तर्जुमा सम्बन्धी,
७) अन्तर्राष्ट्रिय विकास साझेदारहरु सँग समन्वय सम्बन्धी,
८) आयोजनामा आवद्ध विदेशीहरुको प्रवेशाज्ञा सम्बन्धी,
९) मन्त्रालय र अन्तर्गतका निकायहरुको वैदेशिक सहयोग सम्बन्धमा आईपर्ने अन्य कार्यहरु,
१०) मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्यक्रम तर्जुमा, वार्षिक योजना,बजेट प्रक्षेपण र बजेट सिलिङ सम्बन्धी,
११) मन्त्रालय र अन्तर्गतका निकायहरुका आयोजनाको वार्षिक कार्यक्रम स्वीकृति/ संशोधन सम्बन्धी,

१२) मन्त्रालय अन्तर्गत संचालित विभिन्न विकास कार्यक्रमवीच समन्वय सम्वन्धी,

१३) मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रम तथा आयोजनाहरुको लागि जनशक्ति प्रक्षेपण एवं दक्षता अभिबृद्धि सम्वन्धी,

१४) वार्षिक योजना, कार्यक्रम तथा वजेट स्वीकृति बारे सम्वन्धित निकायहरुसँग समन्वय सम्वन्धी,

१५) मन्त्रालयको सूचना संप्रेषण सम्वन्धी ।

## (आ) अनुगमन तथा मूल्याङ्कन शाखा

१) मन्त्रालय र अन्तर्गतका आयोजनाहरुको मासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयारी, अभिलेख र समीक्षा सम्वन्धी,

२) विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनका सूचक तयारी सम्वन्धी,

३) मन्त्रालय र अन्तर्गत संचालित आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन सम्वन्धी,

४) मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक र सो समक्ष पेश गर्ने सुझाव सम्वन्धी,

५) राष्ट्रिय विकास समस्या समाधान समिति र राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा सम्वन्धी,

६) मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भए गरेका कार्यहरुको प्रगति विवरण पुस्तिका प्रकाशन सम्वन्धी,

७) मन्त्रालय र अन्तरगर्तबाट संचालित विभिन्न विकास आयोजनाहरुको आवधिक समीक्षा सम्वन्धी,

८) आयोजनाहरुको प्रभाव मूल्याङ्कन सम्वन्धी ।

### ग. खानेपानी तथा सरसफाई महाशाखा

१) खानेपानी तथा सरसफाई क्षेत्रको समष्टीगत विकास, विस्तार र सम्वर्द्धनका लागि नीति, रणनीति तथा कार्यनीति तर्जुमा सम्बन्धी,

२) नीति, रणनीति तथा कार्यनीतिको कार्यान्वियनको सुपरीवेक्षण, अनुगमन तथा नियमन सम्बन्धी,

३) खानेपानी तथा सरसफाई क्षेत्रमा संलग्न सरकारी, गैरसरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,

४) खानेपानी तथा सरसफाई क्षेत्रसँग सम्बन्धित प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषयहरुमा परामर्श सम्बन्धी,

५) संघ स्तरमा गठित वा गठन हुने सबै प्रकारका खानेपानी तथा सरसफाइको क्षेत्रसँग सम्बन्धित समन्वय समितिको सचिवालय,

६) खानेपानी तथा सरसफाई क्षेत्रमा संलग्न विकास साझेदार बीच समन्वय र सामन्जस्य सम्बन्धी,

७) खानेपानी तथा सरसफाई सम्बन्धमा मन्त्रालयमा पेश हुने विषयमा राय तथा परामर्श सम्बन्धी,

८) खानेपानी तथा सरसफाई क्षेत्रमा आवश्यक पर्ने ऐन नियमबारे राय एवं परामर्श सम्बन्धी,

९) खानेपानी तथा सरसफाई क्षेत्रको दीर्घकालिन योजना तर्जुमा र कार्यान्वियन सम्बन्धी,

१०) जल प्रदुषण रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति कार्यनिति ,रणनिति ,एवं योजना तर्जुमा र कार्यान्वियनको सुपरीवेक्षण अनुगमन तथा नियमन ,सम्बन्धी,

११) प्रारम्भिक वातावरणीय परिक्षण (IEE)तथा वातावरणीय प्रभाव मुल्याङ्कन(EIA) सम्बन्धी,

१२) वातावरणीय प्रभावको अनुगमन एवं परीक्षण गरी प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न उपयुक्त प्रविधिको पहिचान, अनुसन्धान, अध्ययन र प्रयोग गर्न गराउन कार्यान्वियन निकायहरुलाई मार्गनिर्देशन गर्ने सम्बन्धी ।

### (अ) खानेपानी शाखा

१) खानेपानी आवश्यकताको परिपूर्ति गर्न राष्ट्रियस्तरमा योजनावद्ध रुपमा अल्पकालिन तथा दीर्घकालिन कार्यक्रम तर्जुमा सम्बन्धी,

२) कार्यान्वियन निकाय र कार्यक्रमहरु बीच केन्द्रीय स्तरमा गर्नुपर्ने समन्वय सम्बन्धी,

३) आयोजनाहरुको सेवाको वर्गीकरण गरी स्तर, प्रकृति, प्रविधि अनुसारको विभिन्न खानेपानी आयोजनाहरुको कार्यान्वियन प्रकृया निर्धारण गर्न तर्जुमा एवं पुनरावलोकन गर्नुपर्ने मार्गदर्शन सम्बन्धी,

४) सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रबाट संचालित सहरी तथा ग्रामिण खानेपानी आयोजनाहरुबाट लाभान्वित जनसंख्या, भएका उपलब्धिहरु, उपलब्ध सेवास्तर तथा अन्य (गुणस्तर तथा परिणाम) व्यस्थापकीय सूचनाहरुको संकलन, विश्लेषण तथा पृष्ठपोषण सम्बन्धी,

५) सरकारी तथा निजी क्षेत्रबाट संचालित खानेपानी आयोजना कार्यान्वियन गर्न उपलब्ध गराउने सहयोग सम्बन्धी,

६) द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई खानेपानी कार्यक्रमहरु तर्जुमा, अनुगमन तथा मूल्यांकन गर्न उपलब्ध गराउनुपर्ने प्राविधिक सहयोग सम्बन्धी।

**(आ) जल प्रदुषण नियन्त्रण शाखा,**

१) जल प्रदुषणसँग सम्बन्धित कानून, नीति तथा मापदण्डहरुको तर्जुमा, कार्यान्वियन, अनुगमन, मुल्याङकन, परीक्षण तथा नियमनसम्बन्धी,

२) जल प्रदुषण सूचक तथा जल प्रदुषण गुणस्तर सम्बन्धी,

३) नदी तथा ताल तलैयाको प्रदुषण सम्बन्धी,

४) उद्योगहरुबाट हुने जल प्रदुषण सम्बन्धी,

५) मानवीय फोहोर (Faecal Sludge) सम्बन्धी,

६) उद्योगहरुबाट निस्किएका फोहोर नियमन सम्बन्धी,

७) जल प्रदुषण नियन्त्रण बारे संस्थागत क्षमता विकास सम्बन्धी,

(इ) **वातावरण तथा ढल व्यवस्थापन शाखा**

- खानेपानी तथा सरसफाई क्षेत्रको विपद जोखिम न्यूनीकरणतथा पुन:स्थापना सम्बन्धी,
- विकास साझेदारहरुको सहयोगबाट सञ्चालन हुने विपद् व्यवस्थापन र खानेपानी तथा सरसफाई क्लस्टर र अन्य क्लस्टरसँग समन्वय सम्बन्धी,
- शहरी तथा ग्रामिण क्षेत्रहरुमा वर्षाती तथा ग्राहस्थ ढल निकास (सडक सतहको ढल बाहेक) व्यवस्थापन तथा बातावरणीय सरसफाई आयेजनाहरुबाट लाभान्वित जनसंख्या, भएका उपलब्धीहरु र उपलब्ध सेवाको स्तर तथा अन्य व्यवस्थापकीय सूचनाहरुको (गुणात्मक तथा परिमाणात्मक) संकलन, विश्लेषण तथा प्राप्त परिणामको पृष्ठपोषण सम्बन्धी,

- मन्त्रालयसँग सम्वन्धित प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा वातावरणीय प्रभाव मुल्याङ्कन(EIA)सम्वन्धी,
- सार्वजानिक तथा नीजि क्षेत्रबाट संचालित सरसफाई आयोजनाहरु कार्यान्वियन गर्न उपलब्ध गराउनु पर्ने प्राविधिक सहयोग सम्वन्धी ।

## (ई) क्षेत्रगत क्षमता अभिबृद्धि शाखा

१) क्षेत्रगत समन्वय कायम गरी दक्ष, प्रभावकारी र जवाफदेही खानेपानी तथा सहरी विकास क्षेत्रको विकास सम्वन्धी,

२) मन्त्रालयसँग सम्वन्धित विभिन्न निकायहरुसँग समन्वय सम्वन्धी,

३) संचालक तथा सेवा प्रदायक )Utility Operators)हरुको मापदण्ड निर्धारण एबं अनुगमन सम्वन्धी,

४) प्रदेश, स्थानीय तह र विकास साझेदारसंग समन्वय एवं सहकार्य सम्वन्धी,

५) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव, अध्ययन, ज्ञान तथा सीपहरु आदान प्रदान सम्वन्धी,

६) प्रदेश तथा स्थानीय तहमा कार्यरत जनशक्तिको खानेपानी एवं सहरी विकास क्षेत्रमा क्षमता अभिबृध्दि सम्वन्धी,

७) गैरसरकारी तथा नीजि क्षेत्रको लगानी आकर्षित गर्ने सम्वन्धी,

८) मन्त्रालयसँग सम्वन्धित क्षेत्रको विकासका लागि मध्यकालिन तथा दीर्घकालिन अवधारणा तयारी सम्वन्धी,

९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रस्तावहरु सम्वन्धी ।

## ५. मन्त्रालयको महाशाखा/ शाखाहरु

- सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू
- श्रीमान सचिव प्रमिला देवी शाक्य बज्राचार्य
- प्रशासन महाशाखा — सहसचिव श्री रमेश न्यौपाने
    - प्रशासन शाखा — उपसचिव श्री रामकृष्ण अधिकारी
    - आन्तरी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा — उपसचिव श्री विनोद कुमार खनाल
    - आर्थिक प्रशासन शाखा — उपसचिव (लेखा) श्री कमान सिंह खत्री
    - कानुन तथा फैसला शाखा — उपसचिव (कानुन) श्री हरि सिंह धामी
- योजना महाशाखा — सहसचिव श्री सुनिल कुमार दास
    - योजना शाखा — सि.डि.ई श्री राजु महत
    - अनुगमन तथा मुल्यांकन शाखा — सि.डि.ई. श्री
- खानेपानी महाशाखा — सहसचिव श्री मिना श्रेष्ठ
- खानेपानी शाखा — सि.डि.ई. योगेन्द्र चित्रकार

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

मन्त्रालयवाट प्रदान हुने सेवाको लागी कुनै दस्तुर लाग्दैन। सूचना सम्वन्धी सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीका सम्वन्धमा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ ले तोके बमोजिम हुनेछ ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारी

आन्तरीक प्रशासनिक र अन्य विषयको निर्णय सम्वन्धित महाशाखावाट पेश हुने टिप्पणीमा सचिवस्तर र माननीय मन्त्रीस्तरवाट गरिने र नेपाल सरकार कार्यसम्पादन नियमावली, २०७४ बमोजिम मन्त्रिपरिषद्मा प्रस्ताव पठाउनु पर्ने विषयमा यस मन्त्रालयवाट मन्त्रिपरिषद्मा प्रस्ताव पेश भई त्यहाँवाट निर्णय गरिने व्यवस्था रहेको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सचिव श्री प्रमिला देवि शाक्य बज्राचार्य

## ९. आ.व. २०७७।७८ मा संचालन गरेको कामको विवरण

| | | कैफियत |
|---|---|---|
| क्र.स. | **मुख्य क्रियाकलाप** | |
| १ | **खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत** | |
| ११. | खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम | |
| १२. | खानेपानी गुणस्तर सुधार कार्यक्रम | |
| १३. | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना | |
| १४. | जलवायु अनुकिलित वृहत खानेपानी आयोजना | |
| १५. | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | |
| १६. | जनसाधन विकास कार्यक्रम | |
| १७. | सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | |
| १८. | सहरी खानेपानी तथा सरसफाई आयोजना (क्षेत्रगत) | |
| १९. | खानेपानी विभाग | |
| २ | **मेलम्ची खानेपानी आयोजना प्रथम चरण अन्तर्गत** | |
| २१. | हेडवर्क्स निर्माण कार्य | |
| २२. | सुरुङ्गको फाईनल फिनिसिङ्ग कार्य | |
| २३. | पानी प्रशोधन केन्द्र निर्माण भाग२- | |
| २४. | मेलम्ची दोस्रो चरणको DPR तयारि कार्य | |
| ३ | **आयोजना कार्यान्वियन निर्देशनालय अन्तर्गत** | |
| | **काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना** | |
| ३१. | रिङरोड भित्री तथा बाहिरी क्षेत्रमा वितरण पाइपहरु विच्छ्याउने | |
| ३२. | मेलम्ची खानेपानी सुन्दरीजल झरे पश्चात पानी सचालन गर्ने क्रममा मुख्य प्रसारण लाइन, वितरण पाइप सजाल आदी Testing and Commissioning गर्ने कार्य (३०.० कि.मी. सम्पन्न भई सकेको) | |
| ३३. | मुख्य प्रशारण पाइपको (४७.० कि.मी.) Testing and Commissioning गर्ने कार्य | |
| ३४. | वितरण प्रणालीमा House Connection गर्ने कार्य | |
| ३५. | विभिन्न स्थानमा कूल ७४,५०० घ.मि. क्षमताका १० वटा पानीपोखरी निर्माण | |
| | **काठमाण्डौं उपत्यका फोहोरपानी व्यवस्थापन आयोजना अन्तर्गत** | |
| ३६. | गुह्येश्वरी फोहर पानी प्रशोधन केन्द्र निर्माण | |
| ३७. | हनुमन्ते, मनोहरा नदी तथा खस्याङ खुसुङ खोलाको दाया बाया क्षेत्रमा ढल निर्माण गर्ने कार्य । | |
| ३८. | सल्लाघारी, कोडकु तथा धोबीघाट प्रदूषित पानी प्रशोधन केन्द्र | |

| | | |
|---|---|---|
| ४ | **काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड अन्तर्गत** | |
| ४१. | ढल प्रशोधन केन्द्र अन्तर्गत चाल्नाखेलमा ढल प्रशोधनको लागि करिब ६५५ रोपनी जग्गा अधिग्रहण गर्ने कार्य | |
| ४२. | वर्षातिको पानी संकलन | |
| ४३. | भूमिगत पानी व्यवस्थापन | |
| ४४. | साना खानेपानी आयोजना | |
| ५ | **काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड )KUKL) अन्तर्गत** | |
| ५१. | श्रोत संरक्षण | |
| ५२. | पाइपलाइन विस्तार | |
| ५३. | ढललाइन विस्तार | |
| ५४. | पानीप्रशोधन केन्द्र पुर्न निर्माण | |
| ५५. | टैंकरबाट पानी वितरण | |
| ६ | **नेपाल खानेपानी संस्थान अन्तर्गत** | |
| ६१. | खानेपानीउत्पादन बृद्धि कार्यक्रम | |
| ६२. | पम्पसेट खरिद तथा जडान (समरसिबल तथा बुस्टर) | |
| ६३. | पानीपोखरी निर्माण सम्पन्न गर्ने काम | |
| ७ | **ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति अन्तर्गत** | |
| ७१. | खानेपानी आयोजनाहरु निर्माण गर्ने कार्य | |

## १०. सूचना अधिकारी र प्रमुखको नाम थर

- सचिव श्री प्रमिला देवि शाक्य बज्राचार्य
- प्रवक्ता श्री रमेश न्यौपाने (सहसचिव)
- सूचना अधिकारी श्री विनोद कुमार खनाल (उपसचिव)

## ११. ऐन, नियम, बिनियम र निर्देशिकाको सूची

यस खानेपानी मन्त्रालयका काम कारवाही सम्बन्धि नेपाल सरकारका ऐन नियम बिनियम तथा निर्देशिका तपशिल बमोजिम रहेका छन् ।

- जलस्रोत ऐन,२०४९ (नेपालीमा)
- Water laws in Nepal (English) February 2061 (2005)
- नेपाल खानेपानी संस्थान ऐन, २०४६
- वातावरण संरक्षण ऐन(नेपालीमा) १९९७-
- वातावरण संरक्षण ऐन-१९९७ (अंग्रेजिमा)
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- वातावरण संरक्षण नियमावली(नेपालीमा) १९९७-
- वातावरण संरक्षण नियमावली-१९९७ (अंग्रेजिमा)
- खानेपानी महशुलनियमावली (असुल उपर गर्ने), २०५०
- खानेपानी नियमावली, २०५५
- खानेपानी नियमावली, २०५५

## १२. आम्दानी खर्च र आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरण

7/29/2021

सरकारी लेखा प्रणाली (CGAS+)

[illegible] मन्त्रालय

कार्यालय कोड :- [illegible]००३५०१

खर्चको फाटवारी

असार महिनाको


म. ले. प. फा. न. २१०

**आर्थिक वर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** ग्रामिण खानेपानी तथा सरसफाइ कोष[३१३५१०११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११३४ | कर्मचारीको बैठक भत्ता | ४००,०००.०० | ३६०,०००.०० | ३६०,०००.०० | ०.०० | ३६०,०००.०० | ०.०० | ३६०,०००.०० | ४०,०००.०० |
| २२११२ | संचार महसुल | ३४८,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३४८,०००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ६०७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६०७,०००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५००,०००.०० | ३७१,७३६.०० | ३७१,७३६.०० | ०.०० | ३७१,७३६.०० | ०.०० | ३७१,७३६.०० | १२८,२६४.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७६३,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७६३,०००.०० |
| २२४११ | सेवा र परामर्श खर्च | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | २,२७६,०००.०० | २,११९,४०१.०० | १,९४६,५४१.०० | १७२,८६०.०० | २,११९,४०१.०० | ०.०० | २,११९,४०१.०० | १५६,५९९.०० |
| | कुल जम्मा | ७,९००,०००.०० | २,८५१,१३७.०० | २,६७८,२७७.०० | १७२,८६०.०० | २,८५१,१३७.०० | ०.०० | २,८५१,१३७.०० | ५,०४८,८६३.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५२९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५२९,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००,०००.०० |
| २२७११ | विविध खर्च | २७७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २७७,०००.०० |
| | कुल जम्मा | ७,९००,०००.०० | २,८५१,१३७.०० | २,६७८,२७७.०० | १७२,८६०.०० | २,८५१,१३७.०० | ०.०० | २,८५१,१३७.०० | ५,०४८,८६३.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः



प्रमाणित गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

सरकारी लेखा प्रणाली

खानेपानी मन्त्रालय

कार्यालय कोड नं.: ३१३००३५०१

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** खानेपानी मन्त्रालय[३१३०००११४]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | ७००,०००.०० | ६९७,९००.०० | ४८५,९००.०० | २१२,०००.०० | ६९७,९००.०० | ०.०० | ६९७,९००.०० | २,१००.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २,०००,०००.०० | ६९७,५३६.०० | ६१६,१४८.०० | ८१,३८८.०० | ६९७,५३६.०० | ०.०० | ६९७,५३६.०० | १,३०२,४६४.०० |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७००,०००.०० | २१६,८१३.०० | ९०,२८७.०० | १२६,५२६.०० | २१६,८१३.०० | ०.०० | २१६,८१३.०० | ४८३,१८७.०० |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | १,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०००,०००.०० |
| | कुल जम्मा | ४,४००,०००.०० | १,६१२,२४९.०० | १,१९२,३३५.०० | ४१९,९१४.०० | १,६१२,२४९.०० | ०.०० | १,६१२,२४९.०० | २,७८७,७५१.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखतः

नामः

प्रमाणित गर्नेको दस्तखतः

नामः

सरकारी लेखा प्रणाली (CGAS+)

खानेपानी मन्त्रालय

कार्यालय कोड नं.: ३[illegible]

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७७/७८

**बजेट उपशीर्षक :** खानेपानी मन्त्रालय[३१३०००११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ३२,३९०,१२६.०० | २०,१३०,१३५.५० | १८,६६४,१२९.३० | १,४६६,००६.२० | २०,१३०,१३५.५० | ०.०० | २०,१३०,१३५.५० | १२,२५९,९९०.५० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३,३००,०००.०० | २,७६०,९३६.०० | २,५८९,००३.०० | १७१,९३३.०० | २,७६०,९३६.०० | ०.०० | २,७६०,९३६.०० | ५३९,०६४.०० |
| २११२१ | पोशाक | ५२०,०००.०० | ३५०,०००.०० | ३५०,०००.०० | ०.०० | ३५०,०००.०० | ०.०० | ३५०,०००.०० | १७०,०००.०० |
| २११३२ | महंगी भत्ता | १,२४८,०००.०० | ८६५,१४५.०० | ७९८,७४५.०० | ६६,४००.०० | ८६५,१४५.०० | ०.०० | ८६५,१४५.०० | ३८२,८५५.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ३००,०००.०० | २९९,५००.०० | १९५,५००.०० | १०४,०००.०० | २९९,५००.०० | ०.०० | २९९,५००.०० | ५००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ६२,३६०.०० | ५३,०६०.०० | ९,३००.०० | ६२,३६०.०० | ०.०० | ६२,३६०.०० | ३७,६४०.०० |
| | कुल जम्मा | ७५,१६७,७२६.०० | ५४,२७५,४३१.५० | ४६,०३५,५९१.३० | ८,२३९,८४०.२० | ५४,२७५,४३१.५० | ०.०० | ५४,२७५,४३१.५० | २०,८९२,२९४.५० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

| सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११४२ | पदाधिकारी अन्य सुबिधा | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ४००,०००.०० | ६३,१७५.०० | २,१७५.०० | ६१,०००.०० | ६३,१७५.०० | ०.०० | ६३,१७५.०० | ३३६,८२५.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २०९,६००.०० | १५४,८००.०० | १४२,४००.०० | १२,४००.०० | १५४,८००.०० | ०.०० | १५४,८००.०० | ५४,८००.०० |
| २२१११ | पानी तथा बिजुली | २,७००,०००.०० | ५८८,२०३.०० | ५५४,३६०.०० | ३३,८४३.०० | ५८८,२०३.०० | ०.०० | ५८८,२०३.०० | २,१११,७९७.०० |
| २२११२ | संचार महसुल | ७००,०००.०० | १७८,४१७.०० | १५३,४२६.०० | २४,९९१.०० | १७८,४१७.०० | ०.०० | १७८,४१७.०० | ५२१,५८३.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | १,१००,०००.०० | २३८,०७६.०० | २३८,०७६.०० | ०.०० | २३८,०७६.०० | ०.०० | २३८,०७६.०० | ८६१,९२४.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३,०००,०००.०० | २,९६८,५८४.०० | २,३६०,६४७.०० | ६०७,९३७.०० | २,९६८,५८४.०० | ०.०० | २,९६८,५८४.०० | ३१,४१६.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३,५०२,०००.०० | ३,३७१,३६९.०० | २,१०६,८७२.०० | १,२६४,४९७.०० | ३,३७१,३६९.०० | ०.०० | ३,३७१,३६९.०० | १३०,६३१.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ९००,०००.०० | ८५०,०००.०० | ०.०० | ८५०,०००.०० | ८५०,०००.०० | ०.०० | ८५०,०००.०० | ५०,०००.०० |
| | कुल जम्मा | ७५,१६७,७२६.०० | ५४,२७५,४३१.५० | ४६,०३५,५९१.३० | ८,२३९,८४०.२० | ५४,२७५,४३१.५० | ०.०० | ५४,२७५,४३१.५० | २०,८९२,२९४.५० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

## १३. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

- सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाका २२ मध्ये बाँकी १९ वटा नयाँ आयोजना कार्यान्वियन, २ वटा आयोजनाहरू सम्पन्न, १६ हजार ५ सय जनसंख्यालाई उच्च तथा मध्यम सेवास्तरको खानेपानी उपलब्ध ।
- सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत थोक वितरण प्रणाली तथा जलाशययुक्त आयोजना कार्यान्वियन ।
- खानेपानी तथा सरसफाइ सहलगानीका २० वटा आयोजनाहरू सम्पन्न, ४ लाख जनसंख्यालाई उच्च तथा मध्यम सेवास्तरको खानेपानी उपलब्ध ।
- तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको एक आयोजना सम्पन्न, ३१ हजार जनसंख्यालाई उच्च तथा मध्यम सेवास्तरको खानेपानी उपलब्ध। प्रथम एवं दोस्रो चरणका १२ वटा आयोजनाहरू स्तरोन्नति गरी २ लाख १३ हजार जनसंख्यालाई सेवा पुनः प्राप्ति ।
- केन्द्रिय खानेपानी आयोजनाका ३ वटा आयोजनाहरू सम्पन्न, २५ हजार जनसंख्यालाई उच्च तथा मध्यम सेवास्तरको खानेपानी उपलब्ध ।
- खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमका २५२ वटा आयोजनाहरू सम्पन्न, १ लाख ६८ हजार जनसंख्यालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध
- खानेपानी गुणस्तर सुधारका १३ वटा आयोजनाहरु सम्पन्न, १ लाख १८ हजार जनसंख्यालाई उच्च तथा मध्यम सेवास्तरको खानेपानी उपलब्ध तथा ६० वटा क्लोरिनेसन युनिटबाट १ लाख ७५ हजार जनसंख्यालाई सुरक्षित खानेपानी पुनः प्राप्ति
- ७ वटै प्रदेशमा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरि गुणस्तर परिक्षणको नियमित सेवा उपलब्ध गराउने साथै सडक संजाल भएका सबै स्थानिय तहहरूमा आवश्यकता बमोजिम वाटर एम्बुलेन्सको सेवा विस्तार गरि आकस्मिक र विपद्का अवस्थामा घर दैलोमा पानी परिक्षण, १० लाखलाई विपदको अवस्थामा सेवा उपलब्ध
- जलवायु अनुकुलित बृहत खानेपानीका ७ वटा आयोजनाहरू सम्पन्न, १ लाख ५ हजार जनसंख्यालाई मध्यम सेवास्तर (आधारभूत सेवास्तरमा समेत थप हुने) को खानेपानी सेवा उपलब्ध

- ढल निर्माण तथा प्रशोधन कार्यक्रमका ५ वटा आयोजनाहरू सम्पन्न, ३३ हजार जनसंख्यालाई प्रशोधित ढल सेवा उपलब्ध
- एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रदेश राजधानी लगायत विभिन्न सहरहरुको सम्भाव्यता अध्ययन कार्य

**१४. Website भए सो को विवरण**

यस मन्त्रालयको वेवसाइट www.mowss.gov.np रहेको । वेभसाइट मार्फत मन्त्रालय र मातहत निकाय सम्वन्धि आवश्यक सूचना/ जानकारी सार्वजनिक एवं अद्यावधिक गर्ने गरिएको ।

**१५. संचालन गरेको कार्यक्रम र सो को प्रगती विवरण**

# खानेपानी तथा सरसफाइ क्षेत्रका सूचकहरुको उपलब्धी तथा लक्ष्यहरु

**आधार सूचकहरु आ.व. ०७६/७७**

| सूचक | हाल सम्मको उपलब्धि |
|---|---|
| आधारभूतस्तर खानेपानी | ९१% |
| उच्च तथा मध्यमस्तर खानेपानी | २३% |
| आधारभूत सरसफाइ सेवा | १००% |
| प्रशोधन सहितको ढल प्रणाली | २.१% |

**लक्ष्य आ.व. ०७७/७८**

| सूचक | लक्ष्य |
|---|---|
| आधारभूतस्तर खानेपानी | ९४% |
| उच्च तथा मध्यमस्तर खानेपानी | ३२% |
| आधारभूत सरसफाइ सेवा | १००% |
| प्रशोधन सहितको ढल प्रणाली | ३% |

**पन्ध्रौं योजना लक्ष्य (०८०/८१)**

| सूचक | लक्ष्य |
|---|---|
| आधारभूतस्तर खानेपानी | ९९% |
| उच्च तथा मध्यमस्तर खानेपानी | ४०% |
| आधारभूत सरसफाइ सेवा | १००% |
| प्रशोधन सहितको ढल प्रणाली | २०% |

**दिगो विकास लक्ष्य सन् - २०३०**

| सूचक | दिगो विकास लक्ष्य |
|---|---|
| आधारभूतस्तर खानेपानी | १००% |
| उच्च तथा मध्यमस्तर खानेपानी | ९०% |
| आधारभूत सरसफाइ सेवा | १००% |
| प्रशोधन सहितको ढल प्रणाली | ५०% |

**दिर्घकालिन सोच वि.सं. -२१००**

| सूचक | दिर्घकालिन सोच |
|---|---|
| उच्च तथा मध्यमस्तर खानेपानी | ९५% |

# मन्त्रालयका आ.व.०७७/७८ को प्रमुख कार्यसम्पादन सूचकहरु

## आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या





## उच्च मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या




## आधारभूत सरसफाइ सेवाबाट लाभान्वित जनसंख्या





## प्रशोधन सहितको ढल प्रणाली



# आ.व. २०७७।७८
# निकायगत दोस्रो चौमासिक प्रगति विवरण (रकम रु. हजारमा)


| क्र.सं. | निकायहरु | जम्मा बजेट (रु. हजारमा) | हाल सम्मको खर्च (रु. हजारमा) | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा ढल व्यवस्थापन विभाग | ७४,०६,४५२ | १७,८०,६७१ | २४.०४ | ५२.०० |
| २ | मेलम्ची खानेपानी आयोजना - १ | ६,७४,११५ | ३,९६,२८१ | ५८.७९ | ७९.५३ |
| ३ | मेलम्ची खानेपानी आयोजना - २ | ४,६१,९०० | ५२,४७१ | ११.३६ | १४.६३ |
| ४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति | १,८९,९९० | १,८९,९९० | १००.०० | ६९.५८ |
| ५ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | ७३,००० | ८३,८०० | ११४.७९ | ९५.८९ |
| ६ | नेपाल खानेपानी संस्थान | ६,१६,५३० | २,३०,८०३ | ३७.४४ | ७१.९२ |
| ७ | आयोजना कार्यान्वयन निर्देशनालय | २३,६६,०५५ | १४,२१,३०० | ६०.०७ | ५४.०२ |
| ८ | काठमाडौं उपत्यका खानेपानी लिमिटेड | १,८०,००० | ३०,४९२ | १६.९४ | ७५.०० |
| ९ | खानेपानी मन्त्रालय | ७८५ | २३५ | २९.९३ | ८५.०० |
| १० | ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना भाग २ | २१,१४४ | १३,६५९ | ६४.६० | ६४.५७ |


# आ.व. २०७७।७८
# निकायगत दोस्रो चौमासिक प्रगति विवरण (रकम रु. हजारमा)



# खानेपानी मन्त्रालयको समष्टिगत प्रगति सारांश (आ.व. २०७७/७८ दोस्रो चौमासिक)

## खानेपानी मन्त्रालयको जम्मा





## आ.व. २०७७।७८
## निकायगत हाल सम्मको प्रगति विवरण (रकम रु. हजारमा)


| निकायहरु | जम्मा बजेट (लाखमा) | हाल सम्मको खर्च (लाखमा) | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| खानेपानी तथा ढल व्यवस्थापन विभाग | ११७२०९४९ | २७७०८३१ | २३.६४ | ५२.०० |
| मेलम्ची खानेपानी विकास समिति | १७८४२५३ | ९७०३२९ | ५४.३८ | ७८.०० |
| ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति | ९३५४९० | २९२९२४ | ३१.३१ | ६९.५८ |
| काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | १५२००० | १४३८०० | ९४.६१ | ९५.८९ |
| नेपाल खानेपानी संस्थान | १२२९४०० | ३७२२४६ | ३०.२८ | ७१.९२ |
| आयोजना कार्यान्वयन निर्देशनालय | ३७८७५१२ | १४२१३०० | ३७.५३ | ५४.०२ |
| काठमाडौं उपत्यका खानेपानी लिमिटेड | ३६०००० | २८८००० | ८०.०० | ७५.०० |
| खानेपानी मन्त्रालय ११११ | ५४४०५ | ३४५०४ | ६३.४२ | ८५.०० |
| खानेपानी मन्त्रालयको जम्मा | २००२४००९ | ६२९३९३४ | ३१.४३ | ६४.६० |


## आ.व. २०७७।७८
## निकायगत हाल सम्मको प्रगति विवरण (रकम रु. हजारमा)




## खानेपानी मन्त्रालयको समष्टिगत प्रगति सारांश
## (आ.व. २०७७/७८ दोस्रो चौमासिक सम्म)


अर्धवार्षिक बजेटको तुलनामा हाल सम्मको प्रगती





# खानेपानी मन्त्रालयको समष्टिगत प्रगति सारांश (आ.व. २०७७/७८ दोस्रो चौमासिक सम्म)

वार्षिक बजेटको तुलनामा हाल सम्मको प्रगती





# खानेपानी मन्त्रालयको माइलस्टोन प्रगति सारांश (आ.व. २०७७/७८ दोस्रो चौमासिक)



# मन्त्रालय अन्तर्गत संचालित बजेट शिर्षक अनुसारको प्रगति

| सि.न. | आयोजनाहरुको प्रगति | आयोजना संख्या | |
|---|---|---|---|
| | | भौतिक | वित्तीय |
| १ | ८०% भन्दा बढी | ३ | २ |
| २ | (५०-८०)% | ३ | २ |
| ४ | ५०% भन्दा कम | ७ | ९ |

# खानेपानी तथा सरसफाइ क्षेत्रका सूचकहरुको उपलव्धी तथा लक्ष्यहरु




*Not in Scale

### १६. वर्गीकरण

यस मन्त्रालयवाट हाल सम्म सूचना वर्गिकरण गर्ने कार्य नगरेको ।

### १७. सूचना माग

प्राप्त हुन आउने सूचना मागको निवेदनमा नियमानुसार सूचना प्रदान गर्ने गरिएको । यस अवधिमा सूचना माग सम्वन्धी कुनै निवेदन प्राप्त नभएको ।

### १८. सूचनाहरु

यस अवधिमा सूचनाहरु अन्यत्र प्रकाशन गर्नु पर्ने अवस्था नरहेको । समय समयमा पत्रकार भेटघाट एवं प्रेश वक्तव्य मार्फत आवश्यक सूचनाहरु सार्वजनिक गर्ने गरिएको । मन्त्रालयका प्रवक्ता मार्फत मन्त्रालयसंग सम्वन्धीत सार्वजनिक चासोका विषयहरु संचार माध्यमहरुलाई उपलब्ध गराउने गरेको ।